# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ४४) काठमाडौं, कात्तिक २८ गते २०५१ साल (अतिरिक्ताङ्क ३४


## भाग ३

श्री ५ को सरकार

### कानून, न्याय तथा संसदीय व्यवस्था मन्त्रालयको

### सूचना १

श्री ५ को सरकारले निर्वाचन अपराध सजाय ऐन, २०४७ को दफा २३ ले दिएको अधिकार प्रयोग गरी निर्वाचन आयोगको सिफारिशमा प्रतिनिधि सभाको सदस्यको निर्वाचनको सम्बन्धमा सोही ऐन अन्तर्गतको मुद्दामा कारवाही र किनारा गर्न देहायको विकास क्षेत्र अन्तर्गत पर्ने जिल्लाहरूका लागि देहायका पुनरावेदन अदालतका न्यायाधीशको एक सदस्यीय निर्वाचन विशेष अदालत गठन गरेको छ ।

१. पूर्वाञ्चल विकास क्षेत्र अन्तर्गत पर्ने जिल्लाहरूको लागि पुनरावेदन अदालत विराटनगरका माननीय न्यायाधीश श्री खिलराज रेग्मी।

२. मध्यमाञ्चल विकास क्षेत्र अन्तर्गत पर्ने जिल्लाहरूको लागि पुनरावेदन अदालत ललितपुरका माननीय न्यायाधीश श्री मीनबहादुर रायमाझी ।

३. पश्चिमाञ्चल विकास क्षेत्र अन्तर्गत पर्ने जिल्लाहरूको लागि पुनरावेदन अदालत पोखराका माननीय न्यायाधीश श्री दामोदरप्रसाद शर्मा ।

४. मध्यपश्चिमाञ्चल विकास क्षेत्र अन्तर्गत पर्ने जिल्लाहरूको लागि पुनरावेदन अदालत सुर्खेतका माननीय न्यायाधीश श्री महन्तलाल श्रेष्ठ ।


११३५

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

५. सुदूर पश्चिमाञ्चल विकास क्षेत्र अन्तर्गत पर्ने जिल्लाहरूको लागि पुनरावेदन अदालत दिपायलका माननीय न्यायाधीश श्री चन्द्रप्रसाद पराजुली ।

उपर्युक्त विशेष अदालतहरूमध्ये उजुरी परेका क्षेत्रको विशेष अदालतको म्याद गठन भएको मितिले हाललाई १५ महिना र उजुरी नपरेको क्षेत्रको विशेष अदालतको म्याद ३ महिना हुनेछ ।

खण्ड ४१, मिति २०४८।१।२७ को नेपाल राजपत्र भाग ३ अतिरिक्ताङ्क ६ मा प्रकाशित यस मन्त्रालयको सूचना अनुसार गठित एक सदस्यीय निर्वाचन विशेष अदालत विघटन गरिएको छ ।

## सूचना २

श्री ५ को सरकारले निर्वाचन अपराध र सजाय ऐन, २०४७ को दफा २२ को उप-दफा (२) को प्रयोजनको लागि निर्वाचन विशेष अदालतहरूले गरेको निर्णय उपर पुनरावेदन सुन्न सर्वोच्च अदालतलाई तोकेको छ ।

आज्ञाले,
वेदव्यास क्षेत्री
श्री ५ को सरकारको सचिव

११३६



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।